# बझाङ भूकम्प





२०८० साल असोज (३ अक्टोबर २०२३)

# बझाङ केन्द्रबिन्दु भएर गएका ४ म्याग्निट्यूड भन्दा माथिको भूकम्पहरु

## (राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र)

**बझाङमा अझै भूकम्प जाने क्रम जारी ।**

१. मंगलबार दिउसो २:४० बजे ५.३ रेक्टर
२. मंगलबार दिउसो ३:०६ बजे ६.३ रेक्टर
३. मंगलबार दिउसो ३:१३ बजे ५.१ रेक्टर
४. मंगलबार दिउसो ३:४५ बजे ४.१ रेक्टर
५. मंगलबार दिउसो ४:२८ बजे ४.१ रेक्टर
६. मंगलबार दिउसो ४:३१ बजे ४.३ रेक्टर
७. मंगलबार बेलुका ५:१९ बजे ५.० रेक्टर
८. मंगलबार बेलुका ५:३८ बजे ५.० रेक्टर
९. बुधबार बिहान ००:१६ बजे ४.१ रेक्टर
१०. बुधबार बिहान ००:५० बजे ४.३ रेक्टर
११. बुधबार बिहान ०४:२७ बजे ४.३ रेक्टर
१२. बुधबार बिहान ०५:४३ बजे ४.३ रेक्टर



# ४ म्याग्निट्यूड भन्दा माथिको भूकम्पहरु

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रको तथ्यांक अनुसार सन् २०२३ मा गएका

४३ वटा ४ म्याग्निट्यूड भन्दा माथिको भूकम्पहरु मध्ये ३३ वटा काठमाडौं भन्दा पश्चिम गएको देखिन्छ

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1. | 2023-10-03 | 11:53 | 29.65 | 81.27 | 5.0 | Baihang |
| 2. | 2023-10-03 | 11:34 | 29.56 | 81.16 | 5.0 | Baihang |
| 3. | 2023-10-03 | 10:46 | 29.53 | 81.14 | 4.3 | Baihang |
| 4. | 2023-10-03 | 10:43 | 29.59 | 81.28 | 4.1 | Baihang |
| 5. | 2023-10-03 | 10:00 | 29.58 | 81.10 | 4.1 | Baihang |
| 6. | 2023-10-03 | 09:21 | 29.59 | 81.19 | 6.3 | Baihang |
| 7. | 2023-10-03 | 08:55 | 29.64 | 81.29 | 5.3 | Baihang |
| 8. | 2023-09-17 | 19:03 | 26.97 | 87.54 | 4.1 | Panchthar |
| 9. | 2023-08-31 | 19:26 | 27.37 | 87.06 | 4.0 | Bhojpur |
| 10. | 2023-07-19 | 04:08 | 28.43 | 83.99 | 4.0 | Kaski |
| 11. | 2023-07-13 | 05:32 | 29.75 | 81.78 | 4.6 | Humla |
| 12. | 2023-06-23 | 00:10 | 28.15 | 84.54 | 4.0 | Lamjung |
| 13. | 2023-06-19 | 23:10 | 29.78 | 80.92 | 4.0 | Darchula |
| 14. | 2023-06-12 | 01:53 | 29.72 | 81.61 | 4.4 | Bajura |
| 15. | 2023-05-23 | 22:21 | 29.66 | 81.61 | 4.5 | Baihang |
| 16. | 2023-05-22 | 13:09 | 29.68 | 81.61 | 4.1 | Bajura |
| 17. | 2023-05-20 | 21:14 | 28.62 | 82.84 | 4.1 | RUKUM EAST |
| 18. | 2023-05-10 | 23:30 | 29.73 | 81.62 | 4.3 | Bajura |
| 19. | 2023-05-04 | 07:32 | 29.78 | 81.58 | 4.1 | Bajura |
| 20. | 2023-05-01 | 08:50 | 29.89 | 81.93 | 4.0 | Humla |
| 21. | 2023-04-28 | 03:40 | 29.74 | 81.63 | 4.1 | Bajura |
| 22. | 2023-04-27 | 19:45 | 29.78 | 81.61 | 5.9 | Bajura |
| 23. | 2023-04-27 | 18:13 | 29.75 | 81.56 | 4.9 | Bajura |
| 24. | 2023-04-23 | 07:27 | 29.38 | 81.34 | 4.1 | Bajura |
| 25. | 2023-04-11 | 13:05 | 28.17 | 84.74 | 4.1 | Gorkha |
| 26. | 2023-04-01 | 05:42 | 27.76 | 86.19 | 5.2 | Dolakha |
| 27. | 2023-03-31 | 21:34 | 28.12 | 84.9 | 4.1 | Gorkha |
| 28. | 2023-03-28 | 17:56 | 27.86 | 87.89 | 4.6 | Taplejung |
| 29. | 2023-03-26 | 16:42 | 29.42 | 81.66 | 4.3 | Bajura |
| 30. | 2023-03-24 | 04:06 | 29.64 | 81.89 | 4.5 | Mugu |
| 31. | 2023-03-13 | 13:11 | 28.95 | 81.68 | 4.1 | Dailekh |
| 32. | 2023-03-05 | 02:50 | 29.29 | 81.40 | 4.4 | Achham |
| 33. | 2023-03-05 | 02:18 | 27.57 | 85.59 | 4.3 | Kavrepalanchok |
| 34. | 2023-03-01 | 11:57 | 27.82 | 88.02 | 4.0 | Taplejung |
| 35. | 2023-02-28 | 04:18 | 27.08 | 87.96 | 4.3 | Illam |
| 36. | 2023-02-22 | 08:00 | 29.68 | 81.67 | 5.2 | Bajura |
| 37. | 2023-02-12 | 22:45 | 27.83 | 87.95 | 4.8 | Taplejung |
| 38. | 2023-02-10 | 03:07 | 28.80 | 82.53 | 4.2 | Rukum |
| 39. | 2023-02-01 | 05:59 | 29.71 | 81.62 | 4.0 | Bajura |
| 40. | 2023-01-31 | 18:39 | 27.42 | 87.47 | 4.0 | Taplejung |
| 41. | 2023-01-25 | 19:22 | 29.64 | 81.68 | 4.1 | Bajura |
| 42. | 2023-01-24 | 08:58 | 29.75 | 81.70 | 5.9 | Bajura |
| 43. | 2023-01-21 | 22:53 | 27.80 | 85.81 | 4.2 | Sindhupalchok |


# बझाङ भूकम्पले आवासीय घरमा भएको क्षति



सुदूरपश्चिम प्रदेश सरकारद्वारा जारी विज्ञप्ति अनुसार १२१ निजी घरमा क्षति भएको छ

# बझाङ भूकम्पले आवासीय घरमा भएको क्षति





# सुक्खा पहिरो





- भूकम्पका कारण आएको सुक्खा पहिरोका कारण बझाङलाई कैलालीको धनगढीसँग जोड्ने जयपृथ्वी लोकमार्ग अवरुद्ध भएको छ।
- भूकम्पपछि आएको पहिरोमा एक महिला बेपत्ता भएकी छन् । जयपृथ्वी नगरपालिका ११, ओखलगाउँकी गुनदेवी धामी भूकम्पसँगै आएको पहिरोमा बेपत्ता भएकी हुन् ।

# बझाङ भूकम्पले श्री बाल विकास मा. वि, गोलाईमा भएको क्षति






# बझाङ भूकम्पले श्री बाल विकास मा. वि, गोलाईमा भएको क्षति





# बझाङ भूकम्पले श्री बाल विकास मा. वि, गोलाईमा भएको क्षति





# बझाङ भूकम्पलेको कारणले घाइते भएका बिद्यार्थीहरुको जिल्ला अस्पताल बझाङमा उपचार हुदै







# बझाङ भूकम्पले अतालिएर विद्यालय भवनबाट हामफालेर बन्निगढ़ीमा एक बिद्यार्थी घाइते



# बझाङ भूकम्पले अर्घाखाँचीमा ५ घर भासियो





बझाङ केन्द्रबिन्दु भएर गएको भूकम्पको धक्का अर्घाखाँचीमा पनि महसुस गरिएको थियो। सितापुरका पाँच घर चर्किएका छन् भने त्यो क्षेत्रको जमिन पनि भासिएको इलाका प्रहरी कार्यालय ठाडाका प्रमुख इन्स्पेक्टर ऋषिराम घर्तीले जानकारी दिए।

# बझाङ भूकम्पपछि अस्पताल बाहिर सुत्केरीको नर्मल 'डेलिभरी'




जिल्ला अस्पताल बझाङमा एक जना सुत्केरी महिलाको 'डेलिभरी' गर्ने समयमा अचानक भूकम्प गयो। भूकम्प पश्चात् उनलाई अस्पताल बाहिर ल्याएर नर्मल डेलिभरी गराइएको जिल्ला अस्पताल बझाङका डा. इन्द्र शाहले जानकारी दिए।

# सुदूरपश्चिम प्रदेश सरकारद्वारा जारी विज्ञप्ति



सुदूरपश्चिम प्रदेश सरकार

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

धनगढी, कैलाली, नेपाल

टोल फ्रि नं. १६६०९१५६६८८
फोन नं. ०९१-५२६६८८
५२६१३४ (प्रशासन)
एक्सटेन्सन नं. ५२६६८८
फ्याक्स नं. ०९१-५२४८२८

प.स. २०८०।०८१ च.नं. मितिः- २०८०।०६।१६

## विज्ञप्ति

मिति २०८०/६/१६ गते दिउँसो १४:४० बजे बझाङ्ग जिल्लाको तलकोट गाउँपालिका आसपास केन्द्र विन्दु बनाएर ५.३ म्याग्नेच्युड, जयपृथ्वी नगरपालिकाको चैनपुर केन्द्र बिन्दु बनाएर दिउँसो १५:०६ बजे ६.३ म्याग्नेच्युड र १५:१३ बजे ५.१ म्याग्नेच्युड भूकम्पका कारण बझाङ्ग जिल्ला केदारस्यूँ गाउँपालिका वडा नं.-४ का १ जना, जयपृथ्वी नगरपालिका वडा नं.११ का २ जना र वडा नं.-७ का २ जना, मष्टा गाउँपालिकाका २ जना, बित्थडचिर गाउँपालिका वडा नं.-६ का १ जना घाईते भएका र १०६ वटा निजी घर तथा ९ वटा सार्वजनिक भवनमा आंशिक क्षति पुगेको, बैतडी जिल्ला डिलासैनी गाउँपालिका-२ का १ जना घाईते, बाजुरा जिल्ला बडिमालिका नगरपालिका वडा नं.-९ का २ जना घाईते, १४ वटा निजि घर र २ वटा सार्वजनिक भवनमा आंशिक क्षति भएको, अछाम जिल्लाको बान्नीगढी जयगढ गाउँपालिका वडा नं.-६ का १ जना र चौरपाटी गाउँपालिकाका वडँ नं.३ का १ जना घाईते भएको र १ निजी घर तथा २ वटा सार्वजनिक भवनमा आंशिक क्षति भएको प्रारम्भिक विवरण प्राप्त हुन आएको छ । साथै दार्चुला, डडेल्धुरा लगायतका जिल्लामा समेत केही घरमा क्षति पुगेको सूचना प्राप्त भएको छ । उक्त घटनामा परी घाईते भएकाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरिन्छ ।

तत्कालको खोज, उद्धार तथा राहतका लागि स्थानिय तह र सम्बन्धित जिल्ला प्रशासन कार्यालयको समन्वयमा सुरक्षा निकाय परिचालन भई घाईतेहरुको उद्धार कार्य भइरहेको छ । भूकम्पबाट भएको जनधनको क्षतिको विवरण संकलनको कार्य स्थानीय तहको समन्वयमा जिल्ला प्रशासन कार्यालयमार्फत भइरहेकोमा पूर्ण विवरण प्राप्त भएपछी जानकारी गराइनेछ । विपद्बाट पूर्ण तथा आंशिक क्षति भएका घरपरिवारलाई राहत रकम तत्काल वितरण गर्ने प्रबन्ध मिलाउनुका अतिरिक्त घाईतेहरुको उपचारको व्यवस्था मिलाउन सम्बन्धित निकायलाई माननीय मुख्यमन्त्रीज्यूबाट निर्देशन भइसकेको छ । साथै भूकम्पको पराकम्प गइरहेको हुँदा आवश्यक सावधानी र सतर्कता अपनाउन हुन अनुरोध छ ।

२०८०/०६/१६

(लक्ष्मी प्रसाद जोशी)
विपद् सम्पर्क व्यक्ति

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

| | |
|---|---|
| घाइते | १३ |
| निजी घर क्षति | १२१ |
| सार्वजनिक भवन क्षति | १३ |

# केहि भिडियो सामग्रीहरु



# केहि भिडियो सामग्रीहरु

